जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com


सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २३, २०८१ माघ ३ गते विहीबार, 16 Jan. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

भुकम्प सुरक्षाबारे प्रदेश प्रमुखको सन्देश





नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

राष्ट्रिय भुकम्प सुरक्षा दिवसको सन्देश

२७ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवस २०८१ को अवसरमा बागमती प्रदेश तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूमा भुकम्पीय सचेतनाका स्वर गुञ्जाउन पाउँदा म अत्यन्त हर्षित छु।

१९९० साल माघ २ गतेको विनाशकारी भुकम्पको सम्झनामा हरेक वर्ष माघ २ लाई भुकम्प सुरक्षा दिवसको रुपमा विभिन्न योजना र सावधानीमूलक कार्यक्रमसहित मनाइन्छ। यो वर्षको नारा "भुकम्पले सिकाएको पाठः बलिया संरचना र सुदृढ पुर्वतयारीका साथ" रहेको छ। भुकम्प प्राकृतिक प्रकोप हो। यसलाई रोक्न सकिन तर सुरक्षित संरचना, सावधानि, पुर्वतयारीका उपायहरु अपनाएर यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। भुकम्पलाई क्षतिको कारण मानुनभन्दा हामी बलिया, सुरक्षित संरचना, पुर्वसावधानी र भुकम्प गहकालेमा गर्नुपर्ने प्रतिकार्यमा उचित ध्यान दिइ सुरक्षात्मक स्थितिमा रहनुपर्दछ। नेपाल भुकम्पीय जोखिम क्षेत्रमा रहेको कारणले पनि हामी सबै सचेत हुनु जरुरी छ। वि.स.२०७२ को विनाशकारी भुकम्पपछि धेरै पराकम्प र अरु धेरै भुकम्पहरुले हामीलाई तर्साइरहेका छन् हामी आतिनु हुदैन तर सुरक्षात्मक उपायहरु अपनाउन कुनै कसर बाकी राख्नुहुदैन। राज्यका सम्पुर्ण निकाय समेत पुर्वतयारीका साथ रहनुपर्छ।

अन्तमा इतिहासको विभिन्न कालखण्डमा गएका भुकम्पमा परी ज्यान गुमाउने ज्ञात अज्ञात व्यक्तिहरुप्रती श्रद्धाञ्जली अर्पण गर्दछु। पुनः सबै दाजुभाइ दिदीबहिनीहरु तथा राज्यका सम्पुर्ण निकायहरुमा भुकम्पीय सुरक्षात्मक उपायहरु अपनाउन जानकारी दिन्ने प्रेरणा दिनेहरु भन्ने कामना गर्दछु।

२०८१ साल माघ २ गते, बुधवार।
नेपाल सम्वत् : ११४५ म्हेलापाख, द्वितीया

दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख

◯ सहीखबर संवाददाता

मकवानपुर । २७ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवस २०८१ को सन्दर्भमा बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले सन्देश व्यक्त गर्नु भएको छ ।

'भुकम्पीय सचेतनामा वृद्धिको लागी उहाँले शुभकामना व्यक्त गर्नु भएको छ । वि.स. १९९० साल माघ २ गतेको विनाशकारी भुकम्पको सम्झना गर्दै सचेतना प्रवाह गर्ने अभिप्रायले भुकम्पीय सुरक्षा दिवस मनाउँदै आइएको छ । यसै सन्दर्भमा देवकोटाले सचेता अभिवृद्धीका लागि सन्देश वक्तव्य प्रकाशन गर्नु भएको हो ।

भुकम्पी सुरक्षा तथा सचेतना बढाउन हरेक वर्ष माघ २ लाई भुकम्प सुरक्षा दिवसको रूपमा मनाउने गरिन्छ । यस दिन विभिन्नरून चेतना र सावधानीमुलक कार्यक्रमसहित मनाइन्छ । यो वर्षको भुकम्प सुरक्षा दिवस "भुकम्पले सिकाएको पाठ: बलिया संरचना र सुदृढ पुर्वतयारीका साथ" नाराका साथ मनाइदै छ । भुकम्प प्राकृतिक प्रकोप हो, यसलाई रोक्न सकिन्न तर सुरक्षित संरचना, सावधानि, पुर्वतयारीका उपायहरू अपनाएर यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ ।

'भुकम्पलाई क्षतिको कारण मान्नुभन्दा हामी बलिया, सुरक्षित संरचना, पुर्वसावधानी र भुकम्प गहालेमा गर्नुपर्ने प्रतिकार्यमा उचित ध्यान दिएर सुरक्षात्मक स्थितिमा रहनुपर्दछ' सन्देशमा भनिएको छ: 'नेपाल भुकम्पीय जोखिम क्षेत्रमा रहेको कारणले पनि हामी धेरै सचेत हुनु जरूरी छ ।'

वि.स.२०७२ को विनाशकारी भुकम्पपछि धेरै पराकम्प र अरू थुप्रै भुकम्पहरूले तर्साइरहेको सन्दर्भमा यसबाट आत्तिनुभन्दा सुरक्षात्मक उपायहरु अपनाउन पर्ने उहाँले सन्देशमा बताउनु भएको छ ।

राज्यका सम्पुर्ण निकाय समेत पुर्वतयारीका साथ रहनुपर्ने उहाँले सुझाव दिनु भएको छ । प्रदेश प्रमुख देवकोटाले इतिहासको विभिन्नरून कालखण्डमा गएका भुकम्पमा परी ज्यान गुमाउने ज्ञात अज्ञात व्यक्तिहरूप्रती श्रद्धाञ्जली समेत अर्पण गर्नु भएको छ ।

यसैगरी बागमती प्रदेश प्रमुख देवकोटाले मंगलबार परेको माघे सक्रान्ती (माघी) पर्वको अवसरमा शुभकामना सन्देश व्यक्त गर्नु भएको छ।

'बागमती प्रदेश, देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, उन्नतिि तथा समृद्धिको शुभकामना व्यक्त गर्दछु' उहाँले शुभकामना सन्देशमा भन्नु भएको छ । माघे सक्रान्ती/माघी पर्वलाई खासगरी थारु र मगर समुदायले मनाए पनि यो पर्व सम्पूर्ण नेपालीले आ आफ्नै तरिकाले मनाउने प्रचलन छ । मौलिक संस्कृतिका धनी थारु समुदायले यसलाई अति उल्लासका साथ नयाँ वर्षको रुपमा नाँचगान, आफन्त भेटघाट गरि मनाउने गर्दछन् । यो पर्वमा पवित्र नदी तथा त्रिवेणीहरूमा गएर स्नान गरि घ्यू, चाकु, तीलको लड्डू, तरूल र अन्य परिकार खाएर रमाइलो गरिन्छ । देवघाट, बराहक्षेत्र, त्रिवेणीधाम, रिडीलगायतका पवित्र तीर्थस्थलहरूमा मेला लाग्ने गर्दछ । सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने हुनाले माघे संक्रान्तिलाई मकर संक्रान्ति पनि भनिन्छ । आजदेखी उत्तरायण आरम्भ हुने गर्दछ । बिशिष्टर मौलिक पहिचान बोकेका हाम्रा चाडपर्वहरू हाम्रा खुसी जीवनका आधार रहेको उहाँको शुभकामना सन्देशमा उल्लेख छ । 'यी पर्वहरुले सामाजिक र राष्ट्रिय एकता, मेलमिलाप, सद्भाव र सहिष्णुता कायम गर्न महत्वपूर्ण योगदान दिन्छन्, हामीले हाम्रा बिशिष्टर पहिचानहरूलाई संरक्षण र प्रबर्द्धन गर्नुपर्दछ' उहाँले शन्देशमा भन्नु भएको छ ।

साँसदहरूसँग वनकरियाहरूको प्रश्न

जग्गाको पूर्जा खै ?



जग्गाको पुर्जाबारे सदनमा प्रश्न उठाउने सांसदहरुको आश्वासन

◯ सहीखबर संवाददाता

मकवानपुर । वर्षौंदेखि जग्गाको पुर्जा माग गर्दै आएका मकवानपुर मनहरी ४ का वनकरिया समुदायले सरकारसँग आफूहरू थाकेको गुनासो गरेका छन् । वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले वनकरिया जाति भूमी पुजक भएर पनि जग्गा नपाएपछि सरकारसँग संघर्ष गर्दागर्दै थाकेको बताइन् ।

२०६२ सालमा २० बर्षको लागि दिइएको कागजको समय २०८२ बैशाखमा सकिदै छ । त्यसपछि आफूहरूको वासस्थान कहाँ भन्ने दुङ्गो नभएपछि उनीहरूमा निराशा सँगै आत्रोशित छन् । "वनले हामीलाई पक्कै हटाउँछ, अनि हामी कहाँ जाने ?" सन्तोषिले भनिन् ।

"मैले साबुन उत्पादन गर्ने सीप सिकेको थिएँ । जानेको सीपको प्रयोग गरेर व्यवसायी बनौं न त भन्दा लालपुर्जा नभएर प्यान दर्ता गर्न पाइनँ" उनले भनिन् । व्यवसाय दर्ता गर्न नपाएपछि काम नै तीन महिना रोकिएको उनले बताइन् । स्थानीय वडाध्यक्ष प्रकाश थापाले आफ्नो जग्गा राखेर उद्योग दर्ता गर्ने वातावरण मिलाइदिएपछि उनले उद्योग दर्ता गरेर काम गर्दै आएकी छिन्। "सधैं हामी यसरी नै कतिञ्जेल चल्ने ?" उनले प्रश्न गरिन् ।

स्थानीय संगिता वनकरियाले आफ्नो समुदायको लागि भत्ता होइन,जग्गा र रोजगारी चाहिएको बताइन्। जग्गाको पुर्जा र रोजगारी भए सरकारले आफूहरूलाई भत्ता नदिएपनि त्यो भन्दा बढी हुने उनले बताइन् । "सरकारले बालबालिकालाई १० कक्षासम्म नि:शुल्क पढाइदिएको छ भन्छन्, तर हाम्रो बालबालिकाको महिनैपिच्छे शुल्क बुझाइरहेका छौं" उनले भनिन् "यसको लागि हामीले कर तिर्नुपर्ने हो ?"

महिनाको ४ हजार रूपैंया भत्ता ३/३ महिनाको अन्तरमा प्राप्त हुदाँ त्यसले उपचार गर्न, खान र बालबच्चा पढाउन निकै समस्या भएको उनले बताइन् ।

यसैगरी स्थानीय राम वनकरियाले आफूहरू बसोबास गर्ने स्थानमा बाटोको पनि असुविधा रहेको बताए । बाटो पनि छैन । बर्षामा खोलाको बाटो हिड्ने सकिदैनँ, बालबालिकाहरूलाई विद्यालय पुग्न मुस्किल छ, भएको कच्चीबाटोमा बर्षभरी गाडि चल्ने व्यवस्था मिलाइदिन पर्यो" उनले भने "स्थानीय सरकार र प्रदेश सरकारले हाम्रो समस्यामा पनि ध्यान दिनुपर्यो।"

यस्तै अर्का स्थानीय बिष्णुबहादु प्रजाले विद्यालय ढाढा रहेको कारण वनकरिया बालबालिकाहरूको पढाइ छुदने गरेको बताए । "निकुञ्जका कारण बरुन पनि निकै समस्या भइर हेको उनले बताए । आर्मीहरू घर घेर्न आउँछन्, यो समस्याबाट हामीले कहिले मुक्ति पाउने ?" उनले भने ।

मकवानपुर जिल्लाको मनहरी गाउँपालिका वडा नम्बर ४ मुसोधापमा रहेको वनकरिया वस्तिमा संवादको लागि पुगेका प्रदेश सभा सदस्यसँग उनीहरूले आफूहरूको पीडा सरकार ले वर्षौंदेखि सम्बोधन नगरेको गुनासो गरे ।

बागमती प्रदेशका उद्योग, पर्यटन तथा वातावरण समितिका सभापती आनन्द कुमार श्रेष्ठ, पूर्व मन्त्री तथा बागमती प्रदेशसभाका सदस्य कुमारी मुक्तान, प्रदेशसभाका सदस्यहरू समिता खड्गी, सुना परियार, गिरबहादुर तामाङले उनीहरूको समस्या सुनेका थिए । समस्या सुनेर मात्रै फर्कने नभइ समाधानको पहल आफूहरूले गर्ने आश्वासन दिएका छन् ।

कार्यक्रममा युएनडिपिका नीति तथा कार्यक्रम समर्थन च्युरो उपसहायक प्रशाशक र उपनिर्देशक डाक्टर प्रज्ञानिसन पिकअपले वनकरिया समुदायका समस्याहरू सांसदहरू र आफुले बुझेको बताए । अब नीति निर्माण तहमा काम गर्नेमा आफूले विश्वास लिएको बताए ।

लोपोन्मुख जाती वनकारिया समुदायको समस्याका बिषयमा बागमती प्रदेश सभा र प्रदेश सभाको समिति मार्फत समाधान गर्ने प्रतिवद्धता जनाइएको छ । वनकरिया समुदायका विविध सवालहरूमा जनप्रतिनिधि र जनताबीच अन्तरसंवाद कार्यक्रममा सहभागी प्रदेश सांसदहरूले वनकरिया समुदायको न्यायका लागि पहलकदमी चाल्ने प्रतिवद्धता गरेका छन् ।

निकुञ्ज क्षेत्रको जमिनमा बसोबास गर्दै आएका वनकरिया समुदायलाई जग्गा धनी पुर्जा उपलब्ध गराइदिन गरेका उनीहरूको मागको सम्बोधन गर्दै प्रदेश सभा सांसद तथा प्रदेश समितिका सभापति र सदस्यहरूले उनीहरूको न्यायका लागि सदन र समितिमा आवाज उठाउने प्रतिबद्धता व्यक्त गरे ।

सभापति आनन्द श्रेष्ठले वनकरियाबीचमा आफू पहिलो पटक उपस्थित भएको बताउँदै उनीहरूको न्यानको लागि आफूले आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने बताए। वनकरिया समुदायको हक अधिकारको लागि सम्बन्धित क्षेत्रको जनप्रतिनिधि नै सक्रिय हुनुपर्ने बताए ।

"प्रदेश सभाको समितिको तर्फबाट गर्नुपर्ने कामलाई हामीले हेरिहरेका छौं" उनले भनें । यस्तै, शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सदस्य तथा प्रदेशको पूर्व मन्त्री कुमारी मोक्तानले यस बस्तीमा यो भन्दा धेरै समस्या रहेको स्मरण गरिन् । यस समुदायमा यो भन्दा पहिला धेरै समस्या थियो, उनले भनिन् "पछिल्लो समय वनकरियालाई विभिन्न सेवा सुविधाहरू उपलब्ध गराएको छ, जग्गा प्राप्तीको लागि पनि निकै प्रयत्न गरिरहेको छ,प्रदेश सरकारले जमिनको बिषयमा बोल्न सक्छ ।" तर संघको अधिनमा भएकोले अपनत्व लिन नसकिने उनले बताइन् ।

यता, सार्वजनिक लेखा समिति सदस्य गिर बहादुर तामाङले वनरिया बस्तीको संरक्षण र अधिकारको लागि आफ्नो समितिमा आवाज उठाउँने र सदनबाट कानुन बनाउने बताइन् । अर्थ समितिकी सदस्य सुना परियारले वनरिया समुदायको पीडा सुनेको भन्दा आफनै आँखाले देख्दा निकै दुखदायी रहेको बताइन्।

यसअघि वनकरिया जातीको बिषयमा सदन र समितिमा कहिल्यै अवाज नउठाएको स्वीकार गर्दै उनले भनिन् "यसअघि यसरी बुझ्ने मौका पाइएको थिएन,अब वनकरियाको दुख बुझ्ने मौका पायौ, पक्कै पनि सदनमा कुरा उठाउनेछु ।"

यस्तै, शिक्षा स्वास्थ्य तथा कृषि समिति सदस्य समिता खड्कीले वनकरिया समुदायका हितका लागि यसअघि केही नगरे पनि आगामी दिनमा यस समुदायको अधिकारको लागि सधैं आवाज उठाउने बताइन् ।

मकवानपुरगढी सञ्चार प्रा.लि. हेटौंडा १ को आयोजना, नर्वेजियन दुतावास काठमाडौं तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)को सहकार्यमा वनकरिया समुदायका विविध सवालहरूमा जनप्रतिनिधि र जनताका बीच अन्तर सम्वाद कार्यक्रम गरिएको हो ।

२०८१ माघ ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

वनकरियाको समस्या

वनकरिया नेपालको लोपोन्मुख प्रजाती हुन् । उनीहरूको भाषाकला संरक्षणको लागि, जातिय पहिचान प्रवर्द्धनको लागि विभिन्न तहका सरकारले समय समयमा विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । तर उनीहरूको खास सम्बोधन हुनुपर्ने सवालमने वर्षौदेखि गुमनाम छ । २० वर्ष अघि वि.स २०६२ सालमा स्थानीय वनले दिएको जग्गामा घर बनाएर बसेका मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा ४ का वनकरियाहरूको समस्या मने सरकारबाठ अझै सुल्झन सकेको छैन । उबेला २० वर्षको लागि मनेर प्राप्त गरिएको जग्गा अब आगामी बैशाख २०८२ मा संवमत खोसिनेछ । यसपछि आफूहरूको बास कहाँ हुने मन्नेमा उनीहरू चिन्तित छन् ।

त्यसपछि आफूहरूको वासस्थान कहाँ मन्ने दुङ्गो नभएपछि उनीहरूमा निराशा सँगै आक्रोशित छन् । जग्गा नहुँदा उनीहरूले आफ्नो जीविकोपार्जनको लागि समेत काम गर्न पाएका छैनन् । उद्योग दर्ताको लागि जग्गा नभएपछि उनीहरूले समस्या झल्नुपर्छ । सरकारले सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ, तर उनीहरूको माग भत्ता भन्दा जग्गाको पूर्जामा छ ।माध्यमिक तहको शिक्षा संवैधानिक रूपमा समेत निशुल्क छ, तर विभिन्न बाहानामा विद्यालयहरूले लिने शुल्क समेत उनीहरूलाई धौधौ छ ।सरकारबाट प्राप्त सामाजिक सुरक्षाभत्ता उपचार गर्न, खान र बालबच्चा पढाउन निकै समस्या हुने गरेको छ ।

वनकारिया समूदायको वर्षौदेखिको समस्या समाधानार्थ पहलमा दबाब दिनेको कमी भएको देखिन्छ । अघिल्लो वर्षबाट उनीहरूले संघीय सरकारसँग समन्वय र सहाकार्यको माग गर्दै आएका छन्, तर समस्याको दीर्घकालिन समाधान नै भएको छैन ।लोपोन्मुख जाती वनकारिया समुदायको समस्याका बिषयमा बागमती प्रदेश सभा र प्रदेश सभाको समिति मार्फत समाधान खाजिन आवश्यक छ । वनकरिया समुदायको न्यायका लागि सबै तहको सरकारबाट पहलकदमी अत्यावश्यक छ ।

सम्बन्ध होस् त यस्तो

मानवीय सम्बन्ध स्वस्थ हुनुपर्छ, कसैले कसैको अधिकारमा हस्तक्षेप नगरोस्, कसैले अर्काको हक खोस्न नपरोस् र कुनै व्यक्तिको प्रगति रोक्ने सोच विकास नहोस्, आजको विश्वलाई चाहिएको सम्बन्ध पारस्परिक सम्मान, सहकार्य र समभावमा आधारित हुनुपर्छ, यही सिद्धान्त राज्यहरुको सम्बन्धमा पनि लागू हुनुपर्छ

केपी शर्मा ओली

शर्मा ओली प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष हुन्

प्रिय छोराछोरी,

नदीको छेउमा बसेर उसको प्रवाहलाई कहिल्यै नियालेका छौ ? बग्दै गरेको पानी, त्यसको लय, किनारामा ठोक्किँदा उसको स्वर अनि समुद्रमा विलीन हुने उसको नियति !

जीवन पनि नदीजस्तै हो, अनि सम्बन्ध भनेको तिनीहरुलाई बगाइरहने अदृश्य स्रोत हो । तिमीहरुले अनुभव गरिरहेका होला । तिमीहरु र मेरो सम्बन्ध पनि कुनै अदृश्य प्रवाहमा बगिरहेको छ ।

हेर त पृथ्वी घुमिरहेछ, सूर्य उसको गुरूत्वमा बाँधिएको छ, समुद्र उसकै प्रेममा उर्लिरहेको छ र बादल उसकै सम्झनामा आकाशभरि छरिएको छ । यी सम्बन्ध हुन् । देख्न नसकिने, तर हरपल अनुभव गर्न सकिने । तिमीहरुलाई सधैं म देख्न सक्दिनँ, भेट्न पनि सक्दिनँ । तर तिमी छौ भन्ने महसुस मलाई हरदम भइरहन्छ ।

गहिरिएर सोच तारा किन टाढा जान्छन् ? कहिलेकाहीं तिनीहरु किन टक्कर खान्छन् ? ब्रह्माण्डमा रहेका हरेक तत्व तारा, ग्रह, ग्यालेक्सी किन कुनै न कुनै सम्बन्धको सूत्रमा गाँसिएका छन् ? ग्यालेक्सीहरु एकअर्कासँग किन आकर्षित हुन्छन् ? किन कहिलेकाहीं टाढा सर्छन्, कहिलेकाहीं नजिकिँदै विलयको प्रक्रियामा रहन्छन् ? किन कतिपय टकराएर महाप्रलय निम्त्याउँछन्, भने कतिपय नयाँ संरचनाको जन्म दिन्छन् ?

सम्बन्धहरुको गति छ, सम्बन्धहरु स्थिर हुँदैनन् । तिमीहरुलाई लाग्न सक्छ, हिमाल अचल छन् । तर होइन, तिनीहरु पनि गतिशील छन् । नदी कहिल्यै थाक्दैनन्, तर अन्ततः समुद्रमा पुगेर हराउँछन् । सागरले आफ्नो अस्तित्वको एक अंशलाई आकाशमा पठाउँछ, अनि बादल बनाएर फकर्छ ।

सम्बन्धहरु पनि यस्तै हुन् । कहिलेकाहीं टाढिन्छन्, फेरि कुनै आकस्मिक वर्षाका रुपमा फर्कन्छन् । कहिलेकाहीं न्यानो हावाझैं अनुभूत हुन्छन्, कहिलेकाहीं कठोर हिउँझैं । तैपनि, सम्बन्धहरु कहिल्यै पूर्ण रुपमा मर्दैनन् ।

प्रकृतिको यो सहअस्तित्व, निरन्तरता र परिपक्वतालाई हेर त । कत्रो गहिरो पाठ सिकाउँछ यसले । हिमाल अडिग देखिए पनि तिनीहरु गतिशील छन् । नदी कहिल्यै स्थिर र हँदैनन्, समुद्रले अनवरत रुपमा बादललाई जन्म दिन्छ र हिउँ अन्ततः पग्लेर जीवनलाई ऊर्जा प्रदान गर्ने पानी बन्छ । प्रकृतिको यो चक्रले हामीलाई सम्झाउँछ, जीवन पनि यस्तै प्रवाहमा चल्नुपर्छ ।

मलाई लाग्छ, हाम्रा सम्बन्धहरु पनि बगिरहनुपर्छ, नदीजस्तै समयक्रममा रुपान्तरण हुँदै, कठोर परिस्थितिमा पनि निरन्तर अगाडि बढ्दै । जीवनमा उतारचढाव आउँछन्, कठिन समयको असिना बर्सिन्छ, कहिलेकाहीं सबै थोक जमेर स्थिरजस्तै लाग्न सक्छ । तर त्यो क्षणिक हो । यदि हिउँ सदैव जमिरहने भए, ध्रुवीय क्षेत्रहरु अनन्त हिउँका थुप्रोले भरिएको हुने थियो र समुद्रको पानी कहिल्यै पुनः चक्रमा फर्कने थिएन । तर प्रकृतिले गतिशीलताको नियम बनाएको छ । हिउँ पग्लिन्छ, बग्छ, नदीहरुमा मिसिन्छ, समुद्रसम्म पुग्छ, फेरि वाष्प बनेर आकाशमा उड्छ, बादल बन्छ, अनि वर्षा भएर पृथ्वीमा झर्छ ।

यो केवल भौतिक प्रक्रिया मात्र होइन, अस्तित्वको निरन्तरता हो । सूर्य, समुद्र, जमिन, बादल, हावा, वर्षा र हिउँ सबै परस्पर सम्बन्धमा बाँचेका छन् । हिमतालहरु बन्छन्, फेरि समयसँग भत्किन्छन्, चट्टानहरुबीच पर्ने पानी मूल बनेर निस्कन्छ । हिउँ पग्लिएर बग्दै जान्छ, नदीहरु जन्मिन्छन्, अनि ती नदीहरुकै प्रवाहले पृथ्वीलाई जीवन्त बनाइराख्छ । यो चक्रले हामीलाई एक महत्वपूर्ण पाठ दिन्छ कुनै पनि अवस्था स्थायी हुँदैन ।

यसो गहिरिएर हेर त प्रकृतिले हामीलाई आपसी निर्भरताको पाठ पनि त सिकाउँछ नि । नदीबिना समुद्र अधुरो हुन्छ, समुद्रबिना बादल बन्न सक्दैन र वर्षाबिना पृथ्वी जीवन्त रहन सक्दैन । तिमी र मबीचको सम्बन्ध पनि यस्तै हो ।

मानिसहरु सम्बन्धलाई नाफाघाटाको तराजुमा राखेर जोख्न खोज्छन् । तर प्रकृतिलाई हेर्ने हो, सम्बन्ध कति विराट कुरा हो भन्ने बुझिन्छ । हामी खेतमा धान रोप्छौं, सिँचाइ गर्छौं र यसको स्याहार गर्छौं । यो मानव जातिले आर्जेको बुद्धिमत्ता र मिहिनेतको प्रतीक हो । तर, धान फल्नु या नफलिनु मात्र हाम्रो प्रयासमा निर्भर हुँदैन । बादलले हाम्रो आवश्यकताअनुसार वर्षा गर्दैन, न त खेतले पानीसँग कुनै मित्रता वा शत्रुता राख्छ । यी सबै प्राकृतिक प्रक्रिया परस्पर निर्भर छन्, तर तिनीहरु कुनै निश्चित उद्देश्य लिएर अघि बढ्दैनन् ।

यस्तै, पृथ्वीमा वातावरण निर्माण कुनै योजनाबद्ध प्रक्रियाको परिणाम होइन । एक तातो पिण्डका रुपमा रहेको पृथ्वीमा क्रमशः यस्तो सतह बन्यो, जसले जीवनलाई सम्भव बनायो । यो कुनै मानव जाति वा बोटबिरूवाको सृष्टि गरौं भनेर गरिएको प्रयास थिएन, बरू प्रकृतिको आफ्नै नियमले मौसम बनायो, मौसमले वातावरण निर्माण गऱ्यो । अन्ततः जीवन उत्पन्न भयो ।

स्कन्ध पुराणमा दुर्गा (प्रकृति) र ब्रह्म (समय) को मिलनबाट जीवको उत्पत्ति भएको भनिएको छ । विज्ञानले पनि यही भन्छ, जीवन वास्तवमा समय र प्रकृतिको सम्बन्धबाटै जन्मिएको हो । यो सम्बन्धहरुको जटिल प्रणाली हो, जहाँ हरेक तत्वले एकअर्कासँग अन्तरसम्बन्ध राख्छ । स्वरुप र प्रक्रियाहरु भिन्न हुन सक्छन्, तर सार एउटै हो सम्बन्ध ।

प्रिय छोराछोरी,

सन्तानप्रतिको अगाध, असाधारण ममता र वात्सल्यका कारण आमा विशेष छन् । कुनै पनि जीवले आफू भोको भएको सहन सक्छ । तर आफ्नो सन्तान भोकले तड्पिएको हेरिरहन सक्दैन । चराले पनि आफ्ना बचेराले ढुल्ढुलो मुख बाएर क्याँक्याँ गरेको सहन सक्दैन । यस्तो बेलामा कसैले अलिकति मात्र चलाउन खोज्दा पनि उ हिंस्रक हुन्छ । अरु जनावर पनि त्यस्तै हुन्छन् । बघिनीले साधारणतः मान्छे खाँदैन । तर एउटी बघिनीका लागि बच्चाको भोक शान्त गर्नु र रक्षा गर्नुभन्दा ठूलो कुरा केही हुँदैन । त्यसैले बघिनी आफ्नो बच्चालाई आफैं चल्न सक्ने, जीविका गर्न सक्ने र सुरक्षित हुन सक्ने ठाउँमा नपुऱ्याईकन विश्राम गर्दिन । यो स्नेहासिक्त सम्बन्ध हो ।

मानिसले पनि बच्चाका लागि धेरै कुरा गर्छ । खास गरी बच्चाको रक्षाका लागि आमाहरु अरु सबै कुरा बिर्सन्छन् । यही कुरा जंगली युगमा पनि थियो । त्यतिबेला आआफ्ना बच्चाको रक्षा एक्लै गर्न सक्ने अवस्था थिएन । त्यसकारण मानिस झुन्डमा बस्न थाल्यो । त्यसबाट जंगली जनावर आदि इत्यादिबाट सुरक्षित गर्न सक्ने भयो । जुनसुकै जनावरले पनि आफ्नो वरिपरि कुनै खतरा आइपऱ्यो भने सबैभन्दा पहिले बच्चा जोगाउन खोज्छ ।

केही समयअघि मैले सायद नेसनल जियोग्राफी च्यानलमा आफ्नो बच्चा जोगाउन आमाहरु कुन हदसम्म जान सक्छन् भन्ने देखेको थिएँ । आमा खोलापारि तर्छे भनेर एउटा हरिणाको पाठो उत्सुकताका साथ खोलामा

हाम फाल्यो । आमा डिलमा उभिएर अवस्था नियालिरहेकी थिई । तर पाठोले हाम फालिसकेपछि मात्रै तलबाट एक गोही वेगले अघि बढिरहेको देखी । पाठोलाई गोहीबाट जोगाउन, आमा हरिणाले गोहीको ध्यान आफूतिर तान्न गोही भएको दिशातिरै हाम फाली । उसको एकमात्र उद्देश्य थियो, आफ्नो सन्तानलाई बचाउनु । तर गोही पाठोको लक्ष्यमा थियो । उसको गतिसँग पाठोको केही लाग्दैनथ्यो । आधा खोलो पार गर्दा नगर्दै गोहीले पाठोलाई भेट्यो । आमा तुरून्तै खोलामा ज्वाम्म हामफाली । उसले

बाँकी पेज ३ मा

२०८१ माघ ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

सम्बन्ध होस् त यस्तो ....

पाठोलाई माथि छोडेर आफू गोहीको मार्गमा अवरोध बनी । गोही आमातर्फ मोडियो र उ जीवनको अन्तिम संघर्षमा होमिई । गोही आमालाई समातेर तान्न थाल्यो । यहीबीच पाठो सुरक्षित रुपमा खोलापारि पुगिसकेको थियो । यो केवल स्नेह होइन, यो नि:स्वार्थ ममताको पराकाष्ठा थियो । कुनै स्वार्थबिना, कुनै अपेक्षाबिना, आमाले आफ्ना सन्तानका लागि अन्तिमसम्म बलिदान दिई । कतिपय मन्छन्, माया स्वार्थी हुन्छ, किनकि सन्तान हुर्केपछि आमालाई हेर्छन् । तर जब बच्चा सानो हुन्छ, उ आफ्नै आमाको कपाल लुछ्छ, आमाले चोट बिर्सेर हाँस्दै उसलाई दूध खुवाइरहेकी हुन्छे । यही साँचो सम्बन्ध हो त्याग, प्रेम र ममता ।

आज तिमीहरुलाई एउटा कुरा भन्छु पाठो हरिणलाई बचाउन आमा हरिणले गोहीको मुखमा हामफाले झैं मैले पनि तिमीहरुको स्वतन्त्रता बचाउन कैयौं पटक गोहीको मुखमा हाम फालेको छु । म देश र जनताका लागि बलिदान स्वीकार गरेर धेरै वर्षअगाडि समर्पित भएर हाम फालिसकेकै मानिस हुँ । फरक यत्ति हो, आमा हरिणलाई गोहीले निली नै दियो, म भने अझै तिमीहरुसँगै छु ।

मानव समाज भनेकै सम्बन्धहरुको एउटा पुञ्ज हो । सिंगो संसार कहिल्यै एउटै लक्ष्यका लागि एकढिक्का भएको छैन । मानव जातिले कल्याणको मार्ग मात्र रोजेको छैन । विज्ञान, प्रविधि र ज्ञानमा मानवले अकल्पनीय फड्को मारे पनि सम्बन्धहरुलाई अनुकूल बनाउन अझै सफल हुन सकेको छैन । सम्बन्धहरु सधैं दुई छेउमा बाँडिएका छन्न् । अनुकूल र प्रतिकूल, प्रेम र घृणा, मित्रता र शत्रुता । जब समाजमा करूणा, प्रेम, सहकार्य र सहअस्तित्वको भावना प्रमुख हुनुपर्थ्यो, त्यहाँ अक्सर टकराव, स्वार्थ र विग्रहले स्थान लिन्छ । मानव सृष्टिको प्रारम्भिक अवस्था जंगली थियो, जहाँ अस्तित्व रक्षा नै प्राथमिकता थियो । त्यही कारण मैत्री, करूणा र सहअस्तित्वको भावना सहज रुपमा विकसित हुन सकेन ।

सम्बन्धहरु अनौठा हुन्छन् । स्वार्थ, आवश्यकता र भावनाहरुले मानिसका सम्बन्धमा निरन्तर उतारचढाव ल्याउँछन् । कहिलेकाहीं मानिसबीच गहिरो मित्रता विकसित हुन्छ, तर केही कारणले त्यो सम्बन्ध टुट्छ । धेरैजसो अवस्थामा मित्रता टुटेपछि सम्बन्ध तटस्थ रहनुपर्थ्यो । तर कतिपय अवस्थामा घनिष्ठ साथीहरु नै कट्टर शत्रु बन्छन् । केही मानिस स्वभावैले आक्रामक देखिन्छन् । तर परिस्थितिले उनीहरुलाई शान्त बनाउन सक्छ । त्यस्तै, कोही अत्यन्त शान्त देखिनेहरु परिस्थितिवश हिंसक बन्न बाध्य हुन्छन् । मान्छे स्थिर होइन ! उ परिस्थितिअनुसार बदलिन्छ । कहिलेकाहीं आ नै सोच, व्यवहार र सम्बन्धहरुको परिभाषा पुनर्निर्माण गर्छ ।

मेरा पनि यस्ता थुप्रै साथी छन्, जोसँग प्रेम, मित्रता, सद्भाव र असाधारण विश्वास थियो । बिस्तारै उनीहरुमा ईर्ष्या र कुण्ठाभाव आउँदै गयो । स्वार्थ झाँगिन थाल्यो । घमण्ड पलाउन थाल्यो । ईर्ष्या, घमण्ड, डाह र स्वार्थले सम्बन्धहरु सेलाउँदै सेलाउँदै, चिसो हुँदै गएर आगो बल्ने स्थिति बन्न थाल्यो । उनीहरुमा बदलाभाव मात्र देखेर म आश्चर्यचकित भएँ । मैले त तिनका विरूद्ध कहिल्यै केही गरेको थिइनँ । तिनीहरु किन मेरो ज्यानलेवा दुस्मन हुन्छन् ? कहिले कहिले सम्बन्धहरुमा युद्धविराम हुन्छ । तर कसैसँगको युद्धविराम अस्थायी हुन्छ । फेरि आगो भड्किन्छ । सम्बन्ध बिग्रन्छ, शत्रुता बढ्छ ।

कहिलेकाहीं युवायुवती असाधारण प्रेममा पर्छन् । तिमीबिना बाँच्नै सक्दिनँ भन्छन् । तर हिजो तिम्रो अनुहारलाई हेरिरहुँ जस्तो लाग्छ भन्ने मान्छे तिम्रो अनुहार हेर्नै मन छैन, देख्नै मन छैन भन्ने तहमा पुग्छ । हिजो तिम्रो बोली सुनिरहुँ जस्तो लाग्छ भन्ने मान्छे तिम्रो त बोली पनि सुन्नै मन छैन भन्ने ठाउँमा पुग्छ । सम्बन्धहरु बन्ने, बिग्रने, भत्किने, झाँगिने, मेटिने अनेक हुन जान्छ ।

हिन्दी फिल्म 'राम तेरी गंगा मैली' मा एउटा गीत छ' 'प्यार की बातों मे रास्ता तो क्या, जिन्दगी कट जाती है ।' कसैको त्यस्तो पनि हुन्छ । मायापिरतीको कुराकानीमा बाटो काटिसकिएको पत्तै पाइँदैन । प्यारमा बाटो त के, जिन्दगी बितेको पनि थाहै हुँदैन । यस्तो पनि हुन्छ श्रीमान्द्र श्रीमतीका रुपमा पाँच/सात वर्ष सँगै बसेपछि डिभोर्स गर्छन् । मैले मान्छे नै चिनेनछु पनि भन्छन् । तर सम्बन्धको सुसञ्चालन गर्न नजान्दा वा सहनशीलता र समझदारीको कमीले त्यस्तो हुन्छ । न उ खराब, न त आफू असल । मानिसलाई समग्रतामा बुझ्नुपर्ने हुन्छ । मानिस जे हो, त्यो अनुसारको बुझाइको कमी हो । अर्कोलाई दोष लगाउने त मेटिन्छन्, आफ्नै गल्ती हो भन्ने देखिँदैनन् ।

बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१७ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

जहाँ परस्पर विश्वास, न्याय र समृद्धि स्थापित हुन्छ । मानव सम्बन्धलाई चुनौती दिन मात्र होइन, सत्य, शान्ति र समभावका आधारमा स्थापित गर्न पनि धेरै मानिसहरू प्रयासरत छन् ।

प्रिय छोराछोरी,

इतिहास नियाल्दा, राष्ट्रहरुबीचको सम्बन्ध कहिले निर्माण हुन्छ, कहिले भत्किन्छ भन्ने रोचक परिदृश्य देखिन्छ । पहिलो विश्वयुद्धमा जर्मनीले गहिरो धक्का खायो र उसलाई नै युद्धको प्रमुख दोषी करार गरियो । महाशक्ति बन्ने होडमा रहेका राष्ट्रहरुबीच प्रतिस्पर्धा चर्कियो । रूसले आफ्नो अस्तित्व र प्रभुत्व जोगाउन आवश्यक ठानेर नयाँ रणनीति अख्तियार गऱ्यो भने अमेरिका आफूलाई विश्वकै अग्रणी शक्ति बनाउने दौडमा अघि बढ्न तत्पर रह्यो । यो दोस्रो विश्वयुद्धको पूर्ववर्ती कालखण्ड थियो, जहाँ राज्यहरुबीचको शक्ति सन्तुलन परिवर्तन भइरहेको थियो । बेलायतले आफ्नै रणनीतिक चाल चालिरहेको थियो, जापान आफ्नै महत्वाकांक्षी योजनामा केन्द्रित थियो र चीन उपनिवेशबाट मुक्त हुन संघर्षरत थियो । राष्ट्रहरुबीच उछिनपाछिन तीव्र थियो ।

यही पृष्ठभूमिमा, अमेरिका परमाणु अस्त्रको निर्माणमा अघि बढ्यो । 'लिटिल ब्वाई', 'फ्याट म्यान' जस्ता परमाणु बमहरु तयार पारिए । सन् १९४५ अगस्ट ६ मा हिरोसिमामा परीक्षण गरियो, जहाँ केही मिनेटमै ७०,००० मन्दा बढी मानिस मारिए । त्यसको तीन दिनपछि, अगस्ट ९ मा नागासाकीमा अर्को बम खसालियो, जसले पुन: हजारौं निर्दोष नागरिकको ज्यान लियो । शक्तिको प्रदर्शन गर्न आकाशबाट खसालिएको निर्जीव तत्त्वले भयावह विनाशको दृश्य सिर्जना गऱ्यो, जसले इतिहासमा कहिल्यै नमेटिने निसान छोड्यो ।

जर्मनीमा एडोल्फ हिटलरले होलोकास्ट नामक श्रम र यातना शिविर निर्माण गरी यहुदीहरुको निर्दयतापूर्वक संहार गरे । स्वार्थ यति अन्धो बन्न सक्छ कि मानिसले आफू पनि मान्छे हो, अन्य पनि उही मानव जातिका हिस्सा हुन् भन्ने कुरै बिर्सिन्छ । सम्बन्धहरु कहिलेकाहीं यति तिक्त बन्छन् कि कसैले अर्काको छोराछोरी क्रूरतापूर्वक मार्दा आ ना सन्तानको मुख किन सम्झेन होला ?

राष्ट्र-राष्ट्र, व्यक्ति-व्यक्ति, अणु र परमाणु, ब्रह्माण्ड र आकाशगंगासम्म सम्बन्धको सूत्रले बाँधिएको छ । सम्पूर्ण अस्तित्व सम्बन्धकै आधारमा चलेको छ । सूर्य र ग्रहहरुको गुरूत्वाकर्षणमा जस्तै, समाज र मानवीय सम्बन्धहरुमा पनि आकर्षण र प्रतिकर्षण छन् ।

सम्बन्धले विनाश ल्याउँछ, त्यही सम्बन्धले सिर्जना पनि गर्छ । मानव सभ्यताको मुख्य मेरूदण्ड मानवीय सम्बन्ध नै हो । हामीले सुरक्षित बस्नका लागि घर बनाएका छौं, मौसमअनुसार का लुगा तयार गरेका छौं, जंगल फाँडेर खेतीयोग्य भूमि तयार गरेका छौं, नदीहरु नियन्त्रण गरेर सिँचाइ गरेका छौं, जलविद्युत् उत्पादन गरेका छौं । तर, यी सबै उपलब्धिको अर्थ केवल भौतिक उन्नति होइन । साँचो चुनौती भनेकै सच्चा सम्बन्ध बनाउनु हो, शान्तिमाथिको खतरालाई रोक्नु हो ।

सबैभन्दा ठूलो लक्ष्य भनेको मानवीय सम्बन्धलाई द्वेष, हिंसा र तिक्ततााबाट मुक्त गर्नु हो । केवल प्रेम, सहकार्य र सद्भावमय सम्बन्धले नै विश्वलाई साँचो शान्ति र समृद्धितर्फ अघि बढाउन सक्छ । यसैमा मानवताको वास्तविक उचाइ निहित छ, जसले कलह र गरिबीको अन्त्य गर्न सक्छ । आजको दिनमा गरिबी हटाउनु असम्भव होइन, देशको समृद्धि सम्भव छ । तर त्यस्ता तत्त्वहरु सक्रिय छन्, जो मुलुकलाई अस्थिर पार्ने, विकास अवरूद्ध गर्ने र समाजलाई विखण्डन गर्ने नियतमा छन् । यो ठिक त्यस्तै हो, जस्तै मर्खरे रोपिएको मकैबारीमा कुखुरा छोड्दा बीउ उम्रिन नपाउँदै खोस्रिएर नष्ट हुन्छ ।

स्वार्थका कारण अपराध गरिनु, झूटको व्यापार फैलाउनु, समाजमा भ्रम सिर्जना गर्नु र देशलाई अराजकतामा धकेल्नु यिनीहरुका लागि सफलता जस्तो लाग्न सक्छ, तर वास्तविकता त्यसको ठिकविपरीत छ । मानवीय सम्बन्धहरु स्वस्थ हुनुपर्छ । कसैले कसैको अधिकारमा हस्तक्षेप नगरोस्, कसैले अर्काको हक खोस्न नपरोस् र कुनै व्यक्तिको प्रगति रोक्ने सोच विकास नहोस् । आजको विश्वलाई चाहिएको सम्बन्ध पारस्परिक सम्मान, सहकार्य र समभावमा आधारित हुनुपर्छ । यही सिद्धान्त राज्यहरुको सम्बन्धमा पनि लागू हुनुपर्छ ।

हाम्रो प्रमुख लक्ष्य भनेको यस्तै मानव सम्बन्धलाई सच्याउनु हो । जहाँ परस्पर विश्वास, न्याय र समृद्धि स्थापित हुन्छ । मानव सम्बन्धलाई चुनौती दिन मात्र होइन, सत्य, शान्ति र समभावका आधारमा स्थापित गर्न पनि धेरै मानिसहरु प्रयासरत छन् । यही मार्ग अपनाउनु हाम्रो कर्तव्य हो । हामीले समर्थन गर्ने भनेकै सत्य, न्याय र सकारात्मक परिवर्तनलाई हो ।

मानवतामित्रको अमानवीय प्रवृत्तिलाई उन्मूलन गर्नु जरूरी छ, जसरी काँडालाई झिकेर हटाइन्छ, जसरी शरीरमा पलाएको पिलो निचोरेर सफा गरिन्छ । हाम्रो संघर्ष हिंसात्मक नभई शान्तिपूर्ण हुनुपर्छ । यो कुनै विध्वंसका लागि होइन, मानवताको संरक्षण र समृद्धिका लागि हुनुपर्छ । हामीले सत्यको विरोध होइन, पक्ष लिनुपर्छ । अब वैचारिक आदर्शलाई दृढ बनाउँदै, निष्पक्षता र इमानदारितासँग अघि बढ्नु आवश्यक छ । सम्बन्धहरुलाई मानवोचित, सामाजिक र देशभक्तिपूर्ण बनाउनु आवश्यक छ । तर त्यो सबै न्यायसंगत हुनुपर्छ ।

आजको विश्वमा हाम्रो अन्तिम लक्ष्य मानव शान्ति, कल्याण र सभ्यताको स्थापना नै हो । तर, सबैभन्दा जटिल चुनौती पनि यही हो । कम्तीमा आजका जागरुक व्यक्तिहरुका विचार र सिद्धान्तले मानव सुरक्षा, समानता र समृद्धिलाई प्राथमिकता दिनुपर्छ ।

खुसी र सुख केवल व्यक्तिगत विषय होइन । यो हरेक व्यक्तिको हक हो । 'सर्वे भवन्तु सुखिन:, सर्वे सन्तु निरामया:' लाई संस्कृतमै भन्नुपर्छ भन्ने छैन । तर हाम्रो जीवनशैली बनाइनुपर्छ । सबैले सुरक्षित र निर्भय वातावरणमा बाँच्न पाउनुपर्छ, सबै अधिकार सम्पन्न हुनुपर्छ र कुनै पनि व्यक्ति अभावमा बाँच्न बाध्य हुनुहुन्न । हरेक मानिसले आफूले चाहेको लक्ष्य प्राप्त गर्न सकून्, तर त्यो न्यायसंगत र समान अवसरको आधारमा हुनुपर्छ । मानवीय सम्बन्ध यस्तै समावेशी, सहिष्णु र समानतामा आधारित बन्नुपर्छ ।

विडम्बना, इतिहासमा मानव जाति कहिल्यै पनि एकजुट हुन सकेन । अबको अनिवार्य आवश्यकता हो, राम्रा कामका लागि मानव जातिको एकता ।

इकान्तिपुरबाट सामार

बागमती र मधेस प्रदेश जोड्ने सडक निर्माणमा तिव्र

हरिवनदेखि सिन्धुलीको मरिनसम्मको सडकलाई विस्तार गर्न सके मधेसको उत्पादन पहाड र पहाडको उत्पादन तराईसम्म पुर्‍याउन सहज हुने



◯ गणेश दुलाल

मकवानपुर। संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तहका सरकारबिच समन्वय र सहकार्यको अभाव रहँदै आएको छ । विकास निर्माणका विषयमा सिमानाका क्षेत्रमा सबैभन्दा जटिल बनिरहेको छ । सीमा क्षेत्रका स्थानीय तह र प्रदेश सरकारबिच समन्वय हुन नसक्दा नागरिकहरुले कष्ट भोग्न बाध्य रहेका छन् ।

यही समस्याको सिकार बनेका छन्, बागमती प्रदेशको हरिहरपुरगढी र मरिन गाउँपालिकाका क्षेत्रहरु । बागमती प्रदेशको सिन्धुली र मधेस प्रदेशको सर्लाही जोड्ने सडक निर्माण नहुँदा सो क्षेत्रका नागरिक अझै पनि समस्या भोग्न बाध्य छन् ।

सडकको ढ्याक त छ तर, बर्खा लागे लगत्तै ठप्प हुन्छ । दुरीको हिसाबले सर्लाहीको हरिवनबाट १० किलोमिटर उत्तरतर्फ रहेको घिमिले, १३ किलोमिटर दुरीमा रहेको क्यानेश्वर क्षेत्र अत्यन्त विकट देखिन्छ । क्यान खोलामा पक्की पुल छ तर उत्तर तर्फ रहेको मदन भण्डारी राजमार्गबाट त्यहाँसम्मको पहुँच मार्ग निकै जीर्ण छ ।

सडक पूर्वाधार उचित नहुँदा चुरे पहाडको फेदीमा रहेको क्यानेश्वर र सिमाको गाउँ घिमिलेका नागरिकले बिरामी पर्दा एम्बुलेन्स सेवासमेत पाउँदैनन् । कोही करौलाई समस्या परिहाल्यो भने खहरेको बाटो हुँदै मरिनबाट हेटौंडा वा घिमिलेबाट हरिवन पुर्‍याउनु पर्छ । क्यानेश्वरमा रहेको स्वास्थ्य चौकीले थेग्न सके जीवन रक्षा हुन्छ, अन्यथा भगवान् भरोसामा बस्नुको विकल्प छैन ।

उक्त समस्याका भोग्दै आएका नागरिकलाई लक्षित गर्दै बागमती प्रदेश सरकार र मधेस प्रदेश सरकारले हरिवन क्यानेश्वर सडक निर्माणमा तदारूकता देखाएका छन् । संविधानको व्यवस्था अनुसार विकास निर्माणमा समन्वय र सहकार्य गर्ने गरी दुई प्रदेश सरकारले अग्रसर ता देखाएका हुन् । पूर्वपश्चिम र राजमार्ग अन्तर्गतको हरिवनबाट मदन भण्डारी राजमार्गको मरिन जोड्ने गरी करिब ३० किलोमिटर सडक निर्माणमा दुई प्रदेश सरकार सहकार्य गर्न तयार देखिएका छन् ।

छिमेकी राष्ट्र चीन र मार तलाई जोड्ने छोटो मार्गको रुपमा विकास गर्न सकिने गरी सम्भाव्यता अध्ययनको थालनी गर्न दुई प्रदेश सरकार अघि बढेका छन् । सोही अनुसार बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले र मधेस प्रदेशका अर्थ मन्त्री सुनिल यादवले सो सडकको स्थलगत अवलोकन समेत गरेका छन् । आगामी आर्थिक वर्षमा बजेट व्यवस्था गर्ने गरी हरिवन मरिन जोड्ने सडक निर्माण तथा स्तरोन्नतिको काम गर्ने उनीहरुको भनाई छ ।

दुवै प्रदेशका मन्त्रीहरुले संयुक्त रुपमा उक्त सडकको अवलोकन गर्दै मधेस प्रदेशको पूर्वपश्चिम राजमार्ग र बागमती प्रदेशको मदन भण्डारी राजमार्गलाई जोड्ने सडक सञ्जाल विस्तारको आवश्यक छलफल तथा सहकार्यसहित सम्झौता गर्ने मन्त्रीद्वय काफ्ले र यादवले बताए ।

मन्त्री काफ्लेका अनुसार सर्लाहीको विष्णु गाउँपालिका हुँदै हरिवनदेखि घिमिले क्यानेश्वरबाट सिन्धुलीको मरिन गाउँपालिकासम्म जोड्ने सडकलाई व्यवस्थित र स्तरोन्नतिको तयारी भएको हो । दुवै प्रदेशलाई जोड्ने छोटो दुरीको उक्त सडक सञ्जाल विस्तारको काम अघि बढाउने उनले बताए ।

उक्त विषयमा दुई सरकार बिच औपचारिक रुपमा छलफल गरेर अघि बढ्ने गरी भौगोलिक अवस्थितिको अवलोकन गरिएको उनको भनाई छ । उनले उक्त सडक खण्डलाई विस्तार गर्न सके बागमती प्रदेश हुँदै भारत र चीनलाई समेत जोड्न सकिने अवस्था देखिएको बताए ।

'मधेस प्रदेशको सर्लाहीको हरिवनदेखि बागमती प्रदेशको सिन्धुलीको मरिनसम्म करिब ३० किलोमिटर सडकलाई स्तरोन्नति गरेर जोड्न सकिने देखियो,' उनले भने, 'हरिवनबाट घिमिले हुँदै क्यानेश्वरसम्म १३ किलोमिटर र क्यानेश्वरदेखि मरिनसम्म १७ किलोमिटर सडक स्तरोन्नति गर्नुपर्ने हुन्छ । दुवै प्रदेशले आफ्नो क्षेत्रमा पर्ने सडकलाई आवश्यक बजेट छुट्याएर काम थाल्ने तयारी रहेको छ । सो आयोजनालाई बहुवर्षीय योजना अन्तर्गत काम गर्न थाल्यौ भने दुवै प्रदेशका जनताले लाभ लिन अवस्था रहेको छ ।'

यस्तै मन्त्री काफ्लेले सिन्धुलीको मरिनदेखि काभ्रेको नेपालथोक दुम्जा (बीपी राजमार्ग) वा बागमती गाउँपालिकाको झुरझुरेबाट काभ्रेको खानीखोला तालढुंगा (जनयुद्ध मार्ग) सम्म पनि उक्त सडकलाई विस्तार गर्न सकिने अवस्था रहेको बताए । सो सडक निर्माण गर्न सकेको खण्डमा काठमाडौंबाट छोटो दुरीमा मधेसको राजधानी जनकपुरसँग जोड्न सकिने उनको भनाई छ ।

यता मधेस प्रदेशका अर्थ मन्त्री यादवले पनि मधेस प्रदेशलाई बागमती प्रदेशका पहाडी क्षेत्रसँग जोड्न उक्त सडक खण्ड आवश्यक रहेको बताए । हरिवनदेखि सिन्धुलीको मरिनसम्मको सडकलाई विस्तार गर्न सके मधेसको उत्पादन पहाड र पहाडको उत्पादन तराईसम्म पुर्‍याउन सहज हुने उनको भनाई छ ।

'यो बाटोले मधेस र बागमतीलाई जोड्ने मात्र नभई यस क्षेत्रका स्थानीयको आर्थिक उन्नतिमा समेत टेवा पुग्ने देखिएकाले दुवै प्रदेशले प्राथमिकतामा राखेर निर्माण गर्न हामी सहमत भएका हौं । आउने बजेटमा दुवै प्रदेशले यस बाटोको लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्ने तयारी भएको छ,' उनले भने ।

मन्त्री यादवले मधेस प्रदेश सरकारले यो सडक निर्माणलाई प्राथमिकताका दिने प्रतिबद्धता व्यक्त गरे । मन्त्रीद्वयले सडक अवलोकनका क्रममा हरिवन, घिमिले, क्यानेश्वर र मरिनका स्थानीय एवं राजनीतिक दलका प्रतिनिधिहरुले सडकको उपयोगिता र आवश्यकताको विषयमा जानकारी गराएका थिए । उनीहरुले मन्त्रीद्वयलाई उक्त सडक खण्डलाई प्राथमिकताका दिन आग्रह गरेका छन् ।

हेटौंडाका पत्रकार दुलालद्वारा लिखित यो सामग्री रातोपाटी डटकमबाट हामीले लिएका हौं-स.।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेर मै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

रामकृष्ण थापा अध्यक्ष

८ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका निकट भविष्यमा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय शासन घोषणा गर्न लागिएकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैर कानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

@saheekhabar.com

रामकृष्ण थापा अध्यक्ष

८ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ माघ ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

अर्बौंको शीत भण्डार अलपत्र



○ सहीखबर संवाददाता

मकवानपुर । मौसमी उत्पादनले बजार मुल्य नपाएर किसानलाई हुने पीडामा मल्हम पट्टी लगाउने उद्देश्यका साथ स्थापना गरिएको शित भण्डारहरु समय गुज्रदै जाँदा 'बेवारिसे' जस्तै भएका छन् ।

मौसमी तरकारी भण्डारण गर्ने र बेमौसममा व्यापार गरि कृषिबाट आर्थिक क्रान्ति गर्ने लक्ष्य राजनीतिक दलहरुको इगोको कारण 'अलपत्र' प्राय भएका हुन् ।

यस्ता शित भण्डार निर्माणको लागि बागमती प्रदेश सरकारले अर्बौं लगानी गरिसकेको छ । मौसमी तरकारी र फलफूललाई सुरक्षित रूपमा भण्डारण गरी बजारमा माग बढेको समयमा बिक्री गर्दा किसानलाई राम्रो आम्दानी हुने भन्दै प्रदेश सरकारले प्रदेशका सबै जिल्लामा शीत भण्डार निर्माणको योजना अघि सारेको थियो ।

प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजी क्षेत्रको साझेदारीमा प्रदेशका विभिन्न जिल्लामा १ अर्ब ६ करोडका १२ शीत भण्डार ६ वर्षदेखि निर्माण थालेको हो । तीमध्ये ६ वटा शीत भण्डार निर्माण सम्पन्न भए पनि प्रयोगविहीन छन् भने ४ वटा निर्माण पूरा हुने चरणमा छन् । २ वटा शीत भण्डारको निर्माणको लागि ६ वर्ष वित्दा सममेत जग्गा नै प्राप्त हुन सकेको छैन, यसकारण निर्माण कार्य अझै सुरु हुन सकेको छैन ।

बागमती प्रदेशको पहिलो सरकारले आर्थिक वर्ष ०७५/०७६ को बजेट वक्तव्यमार्फत 'एक जिल्ला, एक शीत भण्डार' को अवधारणा ल्याएको थियो । सोही अनुसार प्रदेश सरकारले प्रदेशको दोलखा, काभ्रे पलाञ्चोक, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीत भण्डार निर्माण थालनी गऱ्यो । जस अन्तर्गत नुवाकोट र दोलखामा २/२ र अन्य जिल्लामा एक/एक वटा शीत भण्डार गराएको थियो । दोलखाको भीमेश्वर र काभ्रेको बनेपामा भने जग्गा छनोटको काममा समस्या भएपछि निर्माण कार्य अघि बढ्न सकेन । पहिलो चरण र दोस्रो चरणमा प्रदेश सरकारले शीत भण्डार निर्माणका लागि इजी इन्फ्रा प्रालिसँग र तेस्रो चरणमा निर्माण हुने शीत भण्डार का लागि रसुवा कन्ट्रक्सनसँग सम्झौता गरेको थियो ।

२८ सय मेट्रिक टन क्षमताको भण्डार तयारी

हालसम्म निर्माण सम्पन्न भएका ६ वटा शीत भण्डारले २ हजार ८ सय मेट्रिक टन तकारी भण्डारण गर्न सक्छन् । ठेक्का लागेर काम थालेको १० वटा शीत भण्डार मध्ये ५०० मेट्रिक टन क्षमताका पाँच र ३०० मेट्रिक टन क्षमताका एक शीत भण्डार निर्माण सकिएका हुन् । जसमा सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७, इन्द्रावती गाउँपालिका-७, दोलखाको जिरी नगरपालिका-५, रामेछापको मन्थली नगरपालिका-१ र सिन्धुलीको सुनकोशी गाउँपालिका-५ मा ५०० मेट्रिक टन क्षमताका शीत भण्डारको पूर्वाधार निर्माणसहित सबै काम सम्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ। एक वर्षभित्र सक्ने सम्झौता भए पनि कोरोनालगायत कारण दुई पटकसम्म म्याद थपेर ती शीत भण्डार निर्माण गरिएका हुन् । यसैगरी ३०० मेट्रिक टन क्षमताको रसुवाको कालिका गाउँपालिका-२ को शीतभण्डार निर्माणको काम २०७८ फागुनमै सम्पन्न भएको थियो । तैपनि साझेदार संस्थालाई हस्तान्तरण नहुँदा व्यावसायिक रूपमा प्रयोगमा आउन सकेका छैनन् ।

मन्त्रालयका सचिव विनोद कुमार भट्टराईका अनुसार लिसंखुपाखरको काम २०८० जेठ ३२ मा, इन्द्रावतीको काम २०८० भदौ १०, जिरीको काम २०८० जेठ ८ मा, मन्थलीको काम २०८० साउन ११ मा सम्पन्न भएको थियो । निर्माण भइसकेका ती शीत भण्डारहरूको परीक्षणसमेत भइसकेको सचिव भट्टराईले बताए ।

१० वटा शीत भण्डार निर्माणका लागि १ अर्ब १७ करोड ३० लाख ५१ हजार रुपैयाँ लागत अनुमान रहेकोमा १ अर्ब ४ करोड ९३ लाख ९६ हजार रुपैयाँमा प्रदेश सरकारले ठेक्का सम्झौता गरेको थियो ।

जस अनुसार लिसंखुपाखरमा ५ करोड ३५ लाख १७ हजार रुपैयाँ, इन्द्रावतीमा ५ करोड ३५ लाख ४९ हजार रुपैयाँ, रामेछापको मन्थलीमा ५ करोड ३० लाख ९५ हजार रुपैयाँ, सिन्धुलीको सुनकोशीमा ५ करोड ३० लाख ८० हजार रुपैयाँ, दोलखाको जिरीमा ५ करोड ३७ लाख १६ हजार रुपैयाँ र रसुवाको कालिकामा ३ करोड ७० लाख ३५ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । उक्त शीत भण्डार निर्माणका लागि प्रदेश सरकार र साझेदार संस्थाहरूबाट ३७ करोड ४९ लाख २१ हजार रुपैयाँ भुक्तानी भएको मन्त्रालयका सचिव भट्टराईले बताए ।

मन्त्रालयले दोस्रो चरणमा निर्माण हुने शीत भण्डार अन्तर्गत चितवनको खैरहनी नगरपालिका-९ र धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ मा १ हजार ५०० मेट्रिक टन क्षमताका शीत भण्डार बनाउन इजी इन्फ्रा प्रालिसँग कुल २५ करोड ७८ लाख ८१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । २०७६ असार ३० मा भएको ठेक्का सम्झौताअनुसार २०७७ माघ १४ मा निर्माण सम्पन्न गर्नुपर्ने थियो । मन्त्रालयले २ शीत भण्डारका लागि इजी इन्फ्रालाई २२ करोड २५ लाख ९ हजार रुपैयाँ भुक्तानी गरिसकेको छ ।

नुवाकोट जिल्लाको विदुर नगरपालिका-५ र बेलकोटगढी नगरपालिका-१० मा पाँच-पाँच हजार मेट्रिक टन क्षमताका शीत भण्डार बनाउन ०७६ माघ १३ मा ठेक्का सम्झौता भएको थियो । जुन हालसम्म जम्मा ६० प्रतिशतमात्रै काम सकिएको छ । निर्माणका लागि प्रदेश कृषि मन्त्रालयले कुल ४० करोड २५ लाख ४९ हजार ७०५ रुपैयाँमा र सुवा कन्स्ट्रक्सनलाई ठेक्का दिएको थियो । २ शीत भण्डारका लागि ठेकदारले मन्त्रालयबाट अहिलेसम्म २३ करोड ९९ लाख १८ हजार रुपैयाँ र साझेदार संस्थाहरू बोलकोटगढी शीत भण्डार प्रा.लि. र हिमालयन शीत भण्डार प्रा.लि.बाट १० करोड रुपैयाँ भुक्तानी लिइसकेको छ ।

कमजोरी के भयो ?

प्रदेश सरकारले कृषिमा क्रान्ति गर्ने भन्दै ल्याएको योजनाहरु लाभदायक भए पनि कार्यान्वयनमा ल्याउन चुनौति रहेको मन्त्रालयका कर्मचारीहरु बताउँछन् । सरकार ले निर्माण थालेको शीत भण्डार सञ्चालनमा ल्याउन कठिन रहेको मन्त्रालयका सचिव भट्टराईको तर्क छ । एकै प्रकृतिको काम प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीय जटिलता देखिएको उनको भनाइ छ ।

सरकारले विगतमा मापदण्ड अनुसार साझेदार संस्थाहरू छनोट गर्न नसक्दा कतिपयमा सबै लगानी आफैंले बेहोर्नु परेको उनले बताए । प्रदेश सरकारले केही साझेदार संस्थाको १०० प्रतिशत लगानी मिनाहा गरेको छ भने केही साझेदार लगानी गर्नै नसक्ने अवस्थामा छन् । केही स्थानीय तहले समान हिसाबले व्यवहार गर्नुपर्ने माग गर्दै आएका छन् ।

धादिङको शीत भण्डारको साझेदारलाई १०० प्रतिशत छुट दिएर बनाइएको उनले बताए । यसैकारण हस्तान्तरण नगर्नु भन्ने महालेखाको निर्देशन समेत छ । सरकारको व्यवस्थापकीय कमजोरीका कारण अहिले समस्या भएको हो । हस्तान्तरण, अनुगमन तथा सञ्चालनको मोडालिटीबारे अन्योल रहेको सचिव भट्टराईले बताए ।

"नेतृत्वले कमजोरी गर्दा आमकृषक समस्यामा छन् भने सरकारको लगानी बेकार बनिरहेको सरकार-निजी साझेदारीमा छ" उनले भने "सरकारबाट ठोस निर्णय नभएसम्म निकास आउन सक्ने छाँट म देख्दिन ।"

अर्को कमजोरी हो दलीय स्वार्थ । दलिय घोचपेच र एउटा सरकारले ल्याएको योजना फेल गराउने 'राजनीति'ले यसमा विशेष भूमिका खेलेको देखिन्छ । विगतको सरकार खास गरी नेकपा एमालेले सुरु गरेको शीत भण्डार योजना कार्यान्वयनमा ल्याउने इमान्दारीता हालको सरकार खासगरी नेपाली काँग्रेसले नदेखाएको बुझिन्छ ।

"सुरु कै चरणमा साझेदार संस्थाहरू छनोटमा गल्ती गर्दा अहिले समस्या भएको हो" प्रदेशका मुख्यमन्त्री बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले भने "साझेदारी अनुसारको रकम बेहोर्न नसक्ने संस्थाहरूलाई समेटेकाले हाल व्यवस्थापनमा समस्या भएको हो ।"

मुख्यमन्त्री लामाका अनुसार केही साझेदारलाई स्थानीय तहले पनि सहयोग गरेका छन् । तर, उक्त विषय महालेखाले बेरुजु देखाउँदा थप समस्या भएको उनले बताए । मोडालिटी अनुसार हस्तान्तरण र सञ्चालनको योजना निर्माण गरे पनि केही स्थानीय तहले जिम्मेवारी लिन नचाहेको उनको भनाइ छ । अर्कातिर भ्रष्टाचार मुद्दामा फस्ने डरले कर्मचारीहरू कार्यान्वयनमा लैजान हच्किरहेका छन् ।

स्थानीय तहका प्रतिनिधिहरू भने सरकारको व्यवस्थापकीय कमजोरीका कारण राज्यको लगानी अलपत्र परेको दाबि गरेका छन् । सिन्धुलीको सुनकोशी गाउँपालिकाका उपाध्यक्ष कपिल कुमार कोइरालाले शीत भण्डार हस्तान्तरणको माग गर्दासमेत प्राप्त गर्न नसकेको बताए । स्थानीय तहसँग प्राविधिक जनशक्ति र सञ्चालन मोडालिटी नभएकाले समस्या भएको उनले जानकारी दिए । विगतकै वर्षदेखि शीत भण्डारको पूर्वाधार तयार भए पनि सञ्चालनमा आउन नसकेको उनको भनाइ छ ।

५ नम्बर वडा बालमैत्री घोषणा हुँदै



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासन युक्त स्थानीय तह घोषणाको अन्तिम तयारीमा पुगेको छ ।

विहीबार वडा कार्यालयले पत्रकार भेटघाट गर्दै बालमैत्री स्थानीय शासन युक्त पालिका घोषणाको तयारी पुरा भएको जानकारी गराएको हो ।

"बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी" भन्ने मुल नाराका साथ आगामी शनिवार हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ लाई निकृष्ट बालश्रम मुक्त, बाल विवाह मुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको वडा अध्यक्ष सुशिल घिमिरेले जानकारी दिए ।

वडामा सामुदायिक र संस्थागत गरि बाल विकास केन्द्र सहितका जम्मा ९ वटा विद्यालयहरू सञ्चालनमा छन् ।

यसैगरी २४ वटा बालसमूहहरू र १ वडास्तरीय बाल समूह सञ्जाल रहेको छ जसमा ६०० जना बालवालिकाहरू आवद्ध छन् भने विभिन्न संरचनागत समितिहरूमा समेत गरी जम्मा ६४६ जना बालबालिकाहरूको प्रत्यक्ष सहभागिता रहेको वडा सदस्य ज्ञानबहादुर थापाले बताए ।

वडामा बालमैत्री स्थानीय शासन वडा समिति, वडा बालअधिकार समिति, बालसमूहरू, बालसमूह सञ्जाल, टोल विकास संस्थाहरू, युवा क्लब,आमा समूह,वन समूहलगायतका विभिन्न सामुदायिक संस्थाहरू क्रियाशील रहेको र यहाँ बालबालिकाको उपस्थिती तथा बालसवाल महत्वपूर्ण रूपमा हेर्ने गरिएको वडा सदस्य तथा बालमैत्री स्रोत व्यक्ति रञ्जिता रिलवालले बताइन् ।

पूर्ण खोप वडा घोषणा, पूर्व साक्षर वडा घोषणा, खुल्ला दिसामुक्त वडा घोषणा भई सकेको यस वडालाई नेपाल सरकारको मापदण्डको आधार मा तयार भएको बाल वचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता गरि बालअधिकारका चार क्षेत्रको ३६ र संस्थागत विकासको १५ समेत गरि बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरूमा अभ्यास गरीएको अध्यक्ष घिमिरेले बताए ।

जसमा ४७ वटा सूचकहरू १०० प्रतिशत र बाकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्युनतम प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न अवस्थामा आईपुगेका छौं ।

बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ र कार्यन्वयन कार्यविधी, २०७९ को मार्गदर्शन घोषणा गर्न लागिएको हो ।

यस वडाले बालमैत्री स्थानीय शासन युक्त पालिका घोषणाको लागि तोकिएको सूचकहरू पुरा गरेको अध्यष घिमिरेले बताए । घर धुरी सर्वेक्षण २०७९ अनुसार यस वडामा ३ हजार ८७५ घरधुरी रहेका छन् ।

यस वडाको कुल जनसंख्या १४ हजार १२७ जसमध्ये ७ हजार ९८ महिला, ७ हजार ३९ पुरूष र हेका छन् । यस वडामा कुल बालबालिका ३ हजार ७९८ छन् जसमा बालक ३ हजार १६ र बालिका १ हजार ७८३ रहेका छन्।

हेटौंडामा सीसी क्यामेरा न्यून, सुरक्षा चुनौती बढ्दो



○सहीखबर संवाददाता

मकवानपुर । पछिल्लो समय मकवानपुरमा सुरक्षा चुनौती बढ्दो क्रममा छ । चोरी तथा सवारी दुर्घटनाको जोखिम उच्च हुँदै गएको छ ।

संघीयता कार्यान्वयनसँगै प्रदेश राजधानी हेटौंडाको जनघनत्व बढ्दो अवस्थामा छ । सोअी अनुपातमा सवारी साधनको चाप पनि बढ्दै गएको छ ।

बढ्दो सवारी चाप र शहरीकरणका कारण दुर्घटना, चोरी, लुटपाट र विभिन्न अपराधका घटनाको चुनौती बढेको प्रहरीको तथ्याङ्क छ । सुरक्षा चुनौतीको मध्यनजर गर्दै अनुसन्धानमा सहयोगी मानिएको सीसी क्यामेरा न्यून रहँदा समस्या भएको छ ।

घटनाको छानबिन तथा अनुसन्धानमा सार्वजनिक ठाउँमा राखिएका सीसी क्यामेरा निकै प्रभावकारी हुने प्रहरीको भनाइ छ । तर, हेटौंडामा पर्याप्त मात्रामा सीसी क्यामेरा नहुँदा शान्ति सुरक्षामा चुनौती बढिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडाको मुख्य सडक, चोक र राजमार्गहरुमा पर्याप्त सीसी क्यामेरा नहुँदा र भएका सीसी क्यामेरा पनि बिग्रिएका कारण शान्ति सुरक्षामा चुनौती हुने जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एवं प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए । खड्काका अनुसार मकवानपुर जिल्लाभर सार्वजनिक स्थलमा १५९ वटा सीसी क्यामेरा छन् । तर तीमध्ये अधिकांश बन्द अवस्थामा छन् । मकवानपुरका विभिन्न स्थानमा जडान भएको ७९ थान सीसी क्यामेरा बिग्रिएको प्रहरी उपरीक्षक खड्काले बताए ।

हाल ८० वटा क्यामेरामात्रै चालु अवस्थामा रहेको उनले बताए । शान्ति सुरक्षालाई थप मजबुत बनाउन राजमार्ग क्षेत्र र बजार क्षेत्रहरुमा अझै ३९ ठाउँमा एएनपीआर सीसी क्यामेरा जडान गरिनुपर्ने उनको भनाइ छ ।

प्रदेशको राजधानी रहेको हेटौंडामा मन्त्रालयहरु तथा भीआईपी र भीभीआईपी लगायतका आवास गृह, सरकारी तथा गैरसरकारी कार्यालय, औद्योगिक क्षेत्र र व्यापारिक निकायमा सीसी क्यामेराको अभावमा सुरक्षा चुनौती देखिएको प्रहरी उपरीक्षक खड्का बताउँछन् ।

प्रदेश मन्त्रालय र हेटौंडा उपमहानगरपालिकाबाट सीसी क्यामेरा मर्मत र नयाँ जडानको काम गर्ने प्रतिवद्धता आएको तर, काम अघि बढ्न नसकेको प्रहरी उपरीक्षक खड्काले बताए । अपराध अनुसन्धान र दुर्घटनाको निष्पक्ष छानविन गर्न र समग्र शान्ति सुरक्षालाई चुस्त दुरूस्त राख्न सीसी क्यामेरा अत्यन्तै आवश्यक रहेको उनको भनाइ छ ।

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका निकट भविष्यमा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय शासन घोषणा गर्न लागिएकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैर कानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

अध्यक्ष दीपक खड्का
१४ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका, मकवानपुर

भूकम्पबाट जोगिन सचेत बनौं

- भूकम्पको बेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं, श्रपरिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं, आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं, भूकम्पको सम्भावित जोखिमवाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड